सरकारी सम्पत्तिको एकीकृत विवरण

आर्थिक वर्षः २०८१/०८२

नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाडौं

२०८२, असोज

प्राक्कथन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३ ले नेपाल सरकारको सञ्चित कोषको सञ्चालन गर्ने मूल जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ। यसका साथसाथै लेखा उत्तरदायी अधिकृतबाट प्राप्त सम्पत्ति र दायित्वको अभिलेखमा आधारित रही नेपाल सरकारको सम्पत्ति र दायित्वको एकीकृत प्रतिवेदन तयार गर्ने जिम्मेवारी समेत यस कार्यालयमा रहेकाले उल्लिखित ऐनको दफा २६(५) अनुरुप आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन तयार गरिएको छ।

ऐनको व्यवस्था अनुरूप महालेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष २०७६।०७७ देखि नेपाल सरकारका सम्पत्तिको एकीकृत विवरण तयार गरी पेश गर्दै आईएको छ। आ.व. २०८१।८२ को आषाढ मसान्तसम्म आईपुग्दा तीनै तहका सरकारका ५४७९ वटा सरकारी कार्यालयहरूमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा आएको छ। सम्बन्धित कार्यालयहरूले सोही प्रणालीमा प्रविष्टि गरेको विवरणमा आधारित भई यो प्रतिवेदन तयार पारिएको छ।

नेपाल सरकार र विभिन्न सरकारी निकायका नाममा जग्गा जमिन, भवन लगायतका विविध सम्पत्तिहरु रहेको भए तापनि सार्वजनिक सम्पत्तिको रुपमा अधिकांश कार्यालयहरूले सवारी साधन, मेशिनरी उपकरण, कार्यालय उपकरण, फर्निचर जस्ता कार्यालयमा दैनिक प्रयोगमा आउने सम्पत्तिको मात्रै अभिलेख राखेको देखिएको छ। वार्षिक रूपमा ठूलो रकम लगानी भएका भौतिक पूर्वाधारजन्य सम्पत्ति (जस्तै सडक, पुल, खानेपानी संरचना, सिचाई संरचना) तथा प्राकृतिक सम्पत्तिहरू (जस्तै जमिन, खनिज तथा अन्य प्राकृतिक सम्पत्ति) को अभिलेख सम्बन्धित कार्यालयबाट प्राप्त हुन सकेको छैन भने कार्यालय भवन र यसले चर्चेको जमिनको आंशिक अभिलेख मात्र प्राप्त भएको छ। मूल्य नखुलेको सम्पत्तिहरूको मूल्य रु १ राखी प्रविष्ट गरेको अभिलेखबाट देखिएको छ। नियमित रुपमा हुने कर्मचारी सरुवा, विगतमा सम्पत्तिको अभिलेखमा रहेको त्रुटि, सम्पत्ति मुल्याङ्कन नीतिको अभाव आदि जस्ता कारणले सम्पूर्ण कार्यालयहरूबाट सम्पत्ति तथा दायित्वको यथार्थ विवरणको अभिलेख प्राप्त हुन सकेको छैन।

नेपालको सरकारी सम्पत्ति अभिलेखन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को Government Financial Statistic को म्यानुअल २०१४ अनुसार तीनै तहका सरकारको सम्पत्तिको अभिलेख राख्न एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या (Chart of Accounts) को पाँचौं संशोधन महालेखापरीक्षकबाट स्वीकृत भैसकेको छ। सम्पत्तिको लेखाङ्कन, अभिलेख र प्रतिवेदनलाई वस्तुनिष्ठ बनाउन महालेखापरीक्षक फारम (म.ले.प. फारमहरू) लाई समेत अद्यावधिक गरिएको छ। आ.व. २०८१।८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा स्तरोन्नति गरी सञ्चालन गरिदै आएको छ। माथि उल्लिखित सुधारले आर्थिक संकेत वर्गीकरण र व्याख्या (Chart of Accounts) को अनुरुपको सम्पत्तिको अभिलेख राखी नेपाल सरकारको वास्तविक सम्पत्तिको विवरण तयार गर्ने आधार तयार भएको छ। आगामी आ.व. हरुमा सम्पत्तिको एकीकृत प्रतिवेदन थप परिष्कृत बनाउन सम्पूर्ण सरकारी निकायहरूबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास महालेखा नियन्त्रक कार्यालयले लिएको छ। अन्त्यमा, यस प्रतिवेदन तयारीमा अहोरात्र खटिनु हुने यस कार्यालयका सम्पूर्ण मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

शोभाकान्त पौडेल
महालेखा नियन्त्रक

विषय-सूची

सारांश १

परिच्छेदः १

सम्पत्तिको अभिलेख र प्रतिवेदनको आधार २

१.१ पृष्ठभूमि २

१.२ सरकारी सम्पत्तिको परिभाषा २

१.३ सम्पत्तिको अभिलेखाङ्कन र प्रतिवेदनको लागि लेखा संकेत (Chart of Accounts) २

१.४ सम्पत्तिको अभिलेख र प्रतिवेदनको आधारः २

१.५ प्रतिवेदन अवधिः ३

१.६ प्रतिवेदनको मुद्राः ३

१.७ अनुसूचीको विवरणः ३

परिच्छेदः२

सम्पत्तिको एकीकृत प्रतिवेदनको विश्लेषण ४

२.१ संघ, प्रदेश र स्थानीय तहका सरकारको कुल सम्पत्तिको अवस्था ४

२.२ तहगत सरकार अनुसार कुल सम्पत्तिः ४

२ सरकारको तह अनुसारको खर्च भएर जाने ३.(जिन्सी) ६

२.४ नेपाल सरकारको मन्त्रालयगत/निकायगत सम्पत्तिको मौज्दात विवरण ६

२.५ प्रदेश तथा स्थानीय तहको सम्पत्तिको एकीकृत विवरण ७

२५..१ प्रदेश सरकारको कुल सम्पत्तिको अवस्था ८

२.५.२ स्थानीय तहको कुल सम्पत्तिको अवस्था ८

२.६ PAMS प्रयोग गर्ने कार्यालयको विवरणः ९

२.७ समायोजन गरिएकोः ९

परिच्छेद :३

सम्पत्ति लेखाङ्कन र प्रतिवेदनमा सुधारका क्षेत्रहरू ११

अनुसूची १३

सारांश

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली, २०७७ बमोजिम नेपाल सरकारका मन्त्रालय तथा निकायहरू र अन्तर्गतका सरकारी कार्यालयहरू एवं प्रदेश र स्थानीय तहका कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गरेको विवरणको आधारमा आर्थिक वर्ष २०८१।०८२ को गैर वित्तीय सम्पत्तिको एकीकृत विवरण समेटी यो प्रतिवेदन तयार गरिएको छ।

१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुरुप सरकारको सम्पत्ति तथा दायित्वको एकीकृत प्रतिवेदन तयार गरिएकोले PAMS मा अभिलेख प्रविष्ट गर्ने तीनै तहका सरकारी कार्यालयहरूको सम्पत्ति तथा दायित्वको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

१.२ आ.व. ०८१।८२ मा संघीय सरकारका मन्त्रालय तथा निकायहरूको ३३१९ कार्यालयहरुबाट PAMS मा प्रविष्ट भएको अभिलेखका आधारमा नेपाल सरकारको सम्पत्तिको मौज्दातको मौद्रिक मूल्य रु ४ खर्ब ७४ अर्ब ८५ करोड देखिएको छ।

१.३ प्रदेश सरकार अन्तर्गतका १४०७ वटा कार्यालयमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा आएको देखिन्छ। त्यसैगरी ७५३ स्थानीय तहले यो प्रणाली प्रयोग गरी सम्पत्तिको अभिलेख राखेको देखिन्छ। प्रविष्ट भएको विवरणको आधारमा ७ प्रदेश सरकारको कुल सम्पत्ति रु ३९ अर्ब ९१ करोड ५७ लाख र ७५३ स्थानीय सरकारको कुल सम्पत्ति रु ५५ अर्ब २० करोड ८१ लाख देखिएको छ।

१.४ आ.व. ०८१।८२ मा संघीय सरकारका मन्त्रालय तथा निकायहरू, प्रदेश सरकार र अन्तर्गतका निकायहरू र स्थानीय तहका ५४७९ कार्यालय बाट PAMS मा प्रविष्ट भएको अभिलेखका आधारमा नेपालको सरकारी सम्पत्तिको मौज्दातको मौद्रिक मूल्य रु ५ खर्ब ६९ अर्ब ९७ करोड देखिएको छ।

१.५ आ.व. ०८१।८२ मा खर्च भएर जाने सरकारी सम्पत्ति (जिन्सी) को आम्दानी १८ अर्ब ९२ करोड ४५ लाख र खर्च १० अर्ब ६८ करोड २१ लाख तथा मौज्दात ८ अर्ब २४ करोड २४ लाख रहेको देखिएको छ।

१.६ वार्षिक रुपमा ठुलो रकम लगानी भएका निर्मित सम्पत्तिहरू जस्तै सडक पूर्वाधार, खानेपानी संरचना, नहर पुल जस्ता सम्पत्तिहरूको PAMS मा प्रविष्ट नगरिएको हुँदा यस्ता सम्पत्तिहरू यस एकीकृत विवरणमा समावेश भएको/गरिएको छैन।

१.७ सुरक्षासँग सम्बन्धित हातहतियार तथा अन्य गोपनीयता कायम गर्नुपर्ने सम्पत्तिहरू सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट नगरिएको हुँदा यस्ता सम्पत्तिहरू पनि यस एकीकृत विवरणमा समावेश भएको/गरिएको छैन।

१.८ चालु आ.व. देखि विदेशस्थित नियोग तथा गैह्र बजेटरी निकायहरुले पनि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सञ्चालन सुरुवात गरेका छन्।

परिच्छेदः १
सम्पत्तिको अभिलेख र प्रतिवेदनको आधार

१.१ पृष्ठभूमि

सार्वजनिक सम्पत्ति त्यस्तो सम्पत्ति हो जुन सरकार वा कुनै सार्वजनिक संस्थाको स्वामित्व र नियन्त्रणमा रहन्छ साथै सो सम्पत्तिको उपयोग तथा व्यवस्थापन समेत सोही संस्थाले गर्दछ। यस प्रकारका सम्पत्तिहरू मुलुकका नागरिकहरूको हित अभिवृद्धिमा उपयोग गरिन्छन्। सार्वजनिक सम्पत्तिमा सबैले समान पहुँच राख्न सक्छन् साथै सामूहिक रूपमा प्रयोग गरिन्छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६(४) मा आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। यसरी प्राप्त हुन आएको विवरणका आधारमा महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्तिको एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था समेत ऐन र नियमावलीमा रहेको छ। सार्वजनिक सम्पत्तिको अभिलेख र प्रतिवेदन प्रणालीलाई वस्तुपरक बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०७।२० को निर्णय अनुरुप यस कार्यालयबाट तयार गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System-PAMS) तीनै तहका सार्वजनिक नियकायहरूमा लागू भएको छ। उल्लिखित पृष्ठभूमिमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८(६) बमोजिम लेखा उत्तरदायी अधिकृतबाट ऐनको दफा २६(४) र नियमावलीको नियम १०१ बमोजिम प्राप्त हुनुपर्ने सम्पत्ति तथा दायित्वको विवरण आ.व. २०८१।८२ को आषाढ मसान्त सम्ममा तीनै तहका सरकारका ५४७९ वटा सरकारी कार्यालयहरूबाट PAMS मा प्रविष्ट गरिएका छन्। प्राप्त भएका सोही विवरणको आधारमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६(५) बमोजिम आ.व. २०८१/८२ को नेपाल सरकारको सम्पत्तिको एकीकृत विवरण तयार गरिएको छ।

१.२ सरकारी सम्पत्तिको परिभाषा

मुलुकी देवानी संहिता,२०७४ को दफा २९९ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक, स्वामित्व वा अधिनमा रहेको सम्पत्ति सरकारी सम्पत्ति मानिने उल्लेख गरेको छ। सार्वजनिक सम्पत्ति अन्तर्गत आवासीय र गैह्-आवासीय भवनहरू, सडक, सुरुङ्ग मार्ग, पुल, रेलमार्गहरू, उद्यानहरू र खेलकुद मैदानहरू, सिचाई संरचनाहरू, राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्रहरू, मेसिनरी र उपकरणहरू, यातायात सम्बन्धी साधनहरू, सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी उपकरणहरू, बौद्धिक सम्पत्तिहरू, बहुमूल्य वस्तुहरू, उत्पादन नगरिएको प्राकृतिक प्रदत्त सम्पत्ति तथा सामाजिक रुपमा पहिचान गरिएको सम्पत्ति आदि पर्दछन्।

१.३ सम्पत्तिको अभिलेखाङ्कन र प्रतिवेदनको लागि लेखा संकेत (Chart of Accounts)

सम्पत्तिको लेखाङ्कन र प्रतिवेदनको लागि मौजुदा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (पाँचौं संशोधन सहित) प्रयोग गरिएको छ। आ.व. २०८१/८२ को प्रतिवेदन समेत सोही खाता सूची अनुसार तयार गरिएको छ।

१.४ सम्पत्तिको अभिलेख र प्रतिवेदनको आधारः

(क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५(४) बमोजिम महालेखापरीक्षकबाट स्वीकृत गरिएको म.ले.प. फारम, ऐऐ ऐनको दफा २८(१) को व्यवस्था, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ र महालेखा नियन्त्रक कार्यालयबाट जारी गरिएको एकीकृत

आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ (पाँचौं संशोधन) को आधारमा सम्पत्तिको प्रतिवेदन गरिएको छ।

(ख) सम्पत्तिलाई ऐतिहासिक मूल्यमा देखाईएको छ। ह्रासकट्टी गरिएको छैन। सम्पत्ति खरिद गर्दाको लागत मूल्यमा सम्पत्तिको लेखाङ्कन गरिएको छ। विगतका आ.व. हरूमा लेखाङ्कन गरिएका सम्पत्तिहरूलाई ऐतिहासिक मूल्यमै प्रतिवेदनमा संलग्न गरिएको छ।

(ग) आ.व. २०८१।८२ को आषाढ मसान्तसम्ममा तीनवटै तहका सरकारका ५४७९ वटा सरकारी कार्यालयहरूमा PAMS को प्रयोग गरिएकाले सम्वन्धित कार्यालयहरूले सोही प्रणालीमा प्रविष्टि गरेको सम्पत्तिको अभिलेखमा आधारित भई यो प्रतिवेदन तयार पारिएको छ।

१.५ प्रतिवेदन अवधिः

आर्थिक वर्ष २०८१/२०८२ को २०८१ श्रावण १ देखि २०८२ असार ३२ सम्म प्रविष्ट गरिएका सम्पत्तिका विवरणहरूलाई प्रतिवेदनमा समावेश गरिएको छ।

१.६ प्रतिवेदनको मुद्राः

यो प्रतिवेदन नेपाली मुद्रामा तयार गरिएको छ।

१.७ अनुसूचीको विवरणः

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या. २०७४ (संसोधन समेत) अनुसार सम्पत्तिको प्रतिवेदन अनुसूची नं. १ मा संलग्न गरिएको छ।

परिच्छेद:२

सम्पत्तिको एकीकृत प्रतिवेदनको विश्लेषण

२.१ संघ, प्रदेश र स्थानीय तहका सरकारको कुल सम्पत्तिको अवस्था

संघ, प्रदेश र स्थानीय तहका सरकारको कुल सम्पत्तिको मौज्दात रु ५,६९,९७,६९,१५,१७३.०५ (अक्षरुपी: पाँच खर्ब उनन्सत्तरी अर्ब सन्तानब्बे करोड उनन्सत्तरी लाख पन्ध्र हजार एक सय त्रिहत्तर र पैसा पाँच मात्र।) रहेको देखिएको छ। वार्षिक रुपमा ठुलो रकम लगानी भएका निर्मित सम्पत्तिहरू जस्तै सडक पूर्वाधार, खानेपानी संरचना, नहर पुल जस्ता सम्पत्तिहरूको अभिलेख तथा प्रतिवेदन मन्त्रालय तथा निकायहरूले प्रणालीमा प्रविष्ट गरेको देखिदैन। संघ, प्रदेश र स्थानीय तहसमेतका सरकारको गैह्रवित्तीय सम्पत्तिको एकमुष्ट विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तीन तहको सरकारको कुल सम्पत्तिको विवरण
आर्थिक वर्ष २०८१/८२



२.२ तहगत सरकार अनुसार कुल सम्पत्ति:

संघ, प्रदेश र स्थानीय तहको स्वामित्व र नियन्त्रमा रहेको सम्पत्तिको कुल मौज्दात एकमुष्ट विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तहगत सरकारको कुल सम्पत्तिको विवरण
आर्थिक वर्ष २०८१/८२

तहगत सरकार/ आधार शीर्षक	भवन र संरचना ६१११०००	मेसिनरी र उपकरण ६११२०००	अन्य स्थिर सम्पत्ति ६११३०००	बहुमूल्य वस्तुहरु ६१३१०००	प्राकृतिक सम्पत्तिहरु ६१४१००	प्राकृतिक रुपमा रहेका अन्य सम्पत्तिहरू ६१४३०००	जम्मा
संघीय सरकार	११,३९६,२२५,०५७.४४	४३४,२४१,८९२,५५१.२०	४,८८६,१५९,९४९.३५	२८,२५९,०६२.५४	२४,२९९,०४८,०७५.१८	१,३२५,६०८.३७	४७४,८५३,०७९,८०५.०८
कोशी प्रदेश	३५२,७३९,३११.३८	४,८७८,७३०,०८८.६४	७६३,९८४,२०२.०१	९९,९९३.७०	१४४,७१८,७८७.७५	०	६,१४०,२७२,३८३.४८
मधेश प्रदेश	४५०,०२३,५५७.२५	४,०८१,२२७,७४७.६८	२२५,६६९,४५५.२६	०	४,१७५,०००.००	०	४,७६१,०९५,७६०.१९
बाग्मती प्रदेश	६३९,१४३,२६५.९८	६,२८९,४६९,२०३.१९	५०३,१२२,८८२.२६	५७९,३०८.५१	४८४,४०८,५७१.२२	०	७,९१६,७२३,२३१.१६
गण्डकी प्रदेश	२६६,९६३,४९५.४४	३,५८३,०१६,६९०.२४	१४९,७७९,११०.८८	१,००६,८६२.४७	३२५,८७६,८२९.२०	०	४,३२६,६४२,९८८.२२
लुम्बिनी प्रदेश	४७९,०४२,६७४.२९	४,८०८,८०८,२२०.४५	३८२,२११,७८१.३४	५४६,५४३.९७	१,०३१,६७८,७३४.०५	०	६,७०२,२८७,९५४.१०
कर्णाली प्रदेश	७३,६२७,३५६.७९	४,२४०,६४७,६९०.२१	५०७,३७३,२०३.७८	३३९,०००.००	१८३,९९६,०९४.५७	०	५,००५,९८३,३४५.३५
सुदुरपश्चिम प्रदेश	२४९,६१२,२९२.६२	४,३९९,४८४,५८४.७२	१४०,५८७,५८२.१९	१२०,०००.००	२७२,९१३,९८५.००	०	५,०६२,७१८,४४४.५४
स्थानीय तहहरू	१,५७४,१७७,१४९.०१	४५,६९२,२५३,५४६.११	६,१८३,१९८,३१०.१४	२६,०५९,८४०.१३	१,७३१,८९७,७५८.५४	५२४,६५७.००	५५,२०८,१११,२६०.९३
जम्मा	१५,४८१,५५४,१६०.२०	५१२,२१५,५३०,३२२.४४	१३,७४२,०८६,४७७.२१	५७,०१०,६११.३२	२८,४७८,७१३,८३५.५१	१,८५०,२६५.३७	५६९,९७६,९१५,१७३.०५

तहगत सरकार अनुसार सम्पत्तिको स्वामित्व विवरण



२.३ सरकारको तह अनुसारको खर्च भएर जाने (जिन्सी)

आ.व. २०८१/८२ मा संघ,प्रदेश र स्थानीय तहका सरकारको कुल जिन्सी मौज्दात रु २२,४३,७१,८०,६१४.२६ (अक्षरुपीः बाइस अर्ब त्रिचालिस करोड एकहत्तर लाख असी हजार छ सय चौध र पैसा छब्बिस मात्र।) रहेको देखिएको छ।

सरकारको तह	चालु आ.व मा आम्दानी	चालु आ.व. मा खर्च	मौज्दात
संघीय सरकार	१८,९२४,५१२,७२८.९६	१०,६८२,१०९,८४५.२५	८,२४२,४०२,८८३.७१
कोशी प्रदेश	१,९८२,५८१,८३१.५८	१,१३२,८९६,७९९.१५	८४९,६८५,०३२.४३
मधेश प्रदेश	१,१५१,९००,६८१.०७	५४१,५७२,१५६.६८	६१०,३२८,५२४.३९
बागमती प्रदेश	२,३५४,५१६,७६२.३६	१,०८९,०३९,२८८.६४	१,२६५,४७७,४७३.७२
गण्डकी प्रदेश	१,५८२,८१६,९३४.९१	९७७,८७७,५४५.७८	६०४,९३९,३८९.१३
लुम्बिनी प्रदेश	१,६७६,२८६,७४४.६९	९७९,५३८,५२३.०१	६९६,७४८,२२१.६८
कर्णाली प्रदेश	१,१०९,१९४,०५०.३०	७३३,५९५,२९१.०८	३७५,५९८,७५९.२२
सुदुरपश्चिम प्रदेश	१,३२७,४८६,३३१.८०	६६९,१८०,५३६.९२	६५८,३०५,७९४.८७
स्थानीय तहहरू	१७,४८७,२२५,८६४.५५	८,३५३,५३१,३२९.४४	९,१३३,६९४,५३५.११
जम्मा	**४७,५९६,५२१,९३०.२२**	**२५,१५९,३४१,३१५.९५**	**२२,४३७१८०,६१४.२६**

२.४ नेपाल सरकारको मन्त्रालयगत/निकायगत सम्पत्तिको मौज्दात विवरण

नेपाल सरकारको मन्त्रालय वा निकाय अन्तर्गतका कार्यालयहरूमा कुल सम्पत्ति रु ४ खर्ब ७४ अर्ब ८५ करोड ३० लाख ७९ हजार ८ सय ०५ देखिएको छ।

मन्त्रालयगत/केन्द्रिय निकायगत सम्पत्तिको विवरण

आ.व. २०८१/८२

मन्त्रालय वा निकायको नाम	सम्पतिको विवरण						
	भवन र संरचना ६१११०००	मेसिनरी र उपकरण ६११२०००	अन्य स्थिर सम्पत्ति ६११३०००	बहुमूल्य वस्तुहरु ६१३१०००	प्राकृतिक सम्पत्तिहरु ६१४१०००	प्राकृतिक अन्य सम्पत्तिहरु ६१४३००	जम्मा
राष्ट्रपति	०.००	२०३६५१९००.३५	०.००	०.००	०.००	०.००	२०३६५१९००.३५
उपराष्ट्रपति	०.००	७६४४०१७९.८८	६१८०.००	०.००	३.००	०.००	७६४४६३६२.८८
प्रदेश प्रमुखहरु	०.००	१८१४५४४१५.८८	६४९७४.००	०.००	१.००	०.००	१८१५१९३९०.८८
संघीय संसद	०.००	४३८४१७४६१.५९	१४४२८९७.००	२४०००.००	०.००	०.००	४३९८८४३५८.५९
अदालत	७५११३५९०४.२६	३९१४२४७२७४.६८	१२०७७१६५.८२	०.००	१३१२६२७०६.६०	०.००	४८०८७२३०५१.३७
अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१७११२५९०२.९१	५०५१३३९२८.९८	३६००३३.३६	०.००	४५११८४०१.००	०.००	७२१७३८२६६.२५
महालेखा परीक्षकको कार्यालय	०.००	२६६५२८२९३.४०	५६५२५२७१.५०	०.००	०.००	०.००	३२३०५३५६४.९०
लोक सेवा आयोग	४८३०५११७.३३	२८९५२९०८५.५८	१२६३७४१.५८	०.००	२९७६०५२५.२७	०.००	३६८८५८४६९.७६
निर्वाचन आयोग	९०६३०३७९.२०	१०८५५३०७२३.०३	१३९५५२२.५२	०.००	३६०६८०१२.००	०.००	१२१३६२४६३६.७५

राष्ट्रिय मानव अधिकार आयोग	०.००	१५७३३१८५४.५३	२८९०९.००	०.००	०.००	०.००	१५७३६०७६३.५३
न्याय परिषद्	०.००	६०७१७३५८.४२	४२८४१०.९७	०.००	०.००	०.००	६११४५७६९.३९
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	०.००	९३८५१४८०.९४	३६०४४७४.००	०.००	०.००	०.००	९७४५५९५४.९४
राष्ट्रिय महिला आयोग	०.००	६६३८०९०१.३७	०.००	०.००	०.००	०.००	६६३८०९०१.३७
राष्ट्रिय दलित आयोग	०.००	३७०७१९५१.९१	०.००	०.००	०.००	०.००	३७०७१९५१.९१
राष्ट्रिय समावेशी आयोग	०.००	३९४३२९७४.८१	४०००.००	०.००	०.००	०.००	३९४३६९७४.८१
आदिवासी जनजाति आयोग	०.००	३६६६०९०६.३५	१०८९९५४.४४	०.००	०.००	०.००	३७७५०८६०.७९
मधेशी आयोग	०.००	४४६१९६२०.६९	२४८६५५.६५	०.००	०.००	०.००	४४८६८२७६.३४
थारू आयोग	०.००	४५८९६६८४.६७	२३०४६४०.८७	०.००	०.००	०.००	४८२०१३२५.५४
मुस्लिम आयोग	०.००	४८५८२६९४.६३	८५१४२.००	०.००	०.००	०.००	४८६६७८३६.६३
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८८५७१८३६०.२६	२५४७१५२२९१.८७	५६५६४३६४.६७	६५००१.००	१६१३१७०८१.०१	६२५५.००	३६५०८२३३५३.८१
अर्थ मन्त्रालय	५००४८०४०२.३३	४७३४३७०१४३.४२	६८१००३००.८६	१३४०२०.००	५३५५७८२७९.५५	२७३०७.००	५८३८६९०४५३.१६
उद्योगक, वाणिज्य तथा आपूर्ति मन्त्रालय	४६४०८९२.००	१०५४५६०७७४.२९	१६८०४८९३३.६८	७९३२६.००	४३४७३७.३५	०.००	१२२७७६४६६३.३२
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	८७५५३७३१.६१	४१२३९४७९०४.८२	९१२४०४८६३.६९	०.००	२१५८४२००६.६२	०.००	५३३९७४८५०६.७४
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	०.००	२६१००८८२५.४६	९२८४०८.६४	०.००	०.००	०.००	२६१९३७२३४.१०
कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१७२०२७०७०.६३	६०८४२९७०९०.७२	१२०९५४०८५.६३	४५२४९९.४८	४७३२४५६७४७.९६	१०७७६५५.३७	११११ १२६५१४९.७९
खानेपानी मन्त्रालय	०.००	८७८९२९८००.०८	४१६०११०७६.३९	०.००	७.००	०.००	१२९४९४०८८३.४७
गृह मन्त्रालय	३७४०२०००३७.६८	१७३९१७८३६७४.१८	१८०१३२५८०.०८	१९०९५१.००	३६९५६०४९३०.८०	२०५३०१.००	२५००८११७४७४.७४
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२२४२००४.००	७८७५१८९९५.३१	२५८१३१६७४.४९	१२१८५५३.००	५९५२७८६४.००	४९९०.००	११०८६४४०८०.७९
परराष्ट्र मन्त्रालय	०.००	४४७०११६५५.०८	७०९९५९४.४६	४४७०१०.००	०.००	०.००	४५४५५८२५९.५४
वन तथा वातावरण मन्त्रालय	१२८१०००.००	१६८४९१९३०५.५३	४६९५१७१४.४६	१२१५६.००	१६६२००२.००	०.००	१७३४८२६१७७.९८
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	५७३३८९३६८.०४	३८१८७४०६४७.९०	५०९६३५६९.७०	१७५०.००	४८५०५४३२३.००	०.००	४९२८१४९६५८.६४
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	२६८१८८२१.२०	९९०६७३४०३१.९४	२०३००९११९.६८	२३८१८५७.५०	१३६५३२१७८०.११	०.००	११५०४२६५६१०.४३
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	१६२०.००	१३३४२३४४६.८०	३५०४४.००	०.००	०.००	०.००	१३३४६०११०.८०
युवा तथा खेलकूद मन्त्रालय	०.००	२६४१३५०६३.२३	२८०७७३८५.७९	८३२६५१.००	०.००	०.००	२९३०४५१००.०१
रक्षा मन्त्रालय	३३६०५५६९४८.८२	३४६४००६२२२८३.६८	७०३४३८९७.०४	१३५२९२६८.०६	१०८५७४०१९५७.८३	०.००	३६०७०२४५४३५५.४४
शहरी विकास मन्त्रालय	११९२५२२९४.९९	२५०१८३१३१२.६९	५३६०८२१७४.२२	४४४५१०१.००	१३१४१९२१६०.२४	०.००	४४७५८०३०४३.१४
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	७७८८४८५८.००	१७७१६८९१७७.२४	६९६७८७३८.३५	३८०७३२१.५०	४२२७१८७.६२	०.००	१९२७२८७२८२.७१
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	२१३८६५१६५.९५	६३४९६०३९६८.०९	१४५९०२३५१५.००	१.००	९३५२११०५.४२	४१००.००	८११६०१७८५५.४६
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२१०३३९६७४.२१	२७०९०२११०५.८३	६६३३७४८५.४५	४८५०.००	१९८३२८२४४.८०	०.००	३१८४०३१३६०.२८
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३५८१९८११७.१८	११५९४७६४२७२.६१	६५५०३८८५.४२	६३२७४६.००	३३६३६८०१०.००	०.००	१२३५५४६७०३१.२१
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५७७३८६.८३	५७०६१२१६१.७८	१५४३४०१३.६६	०.००	१.००	०.००	५८६६२३५६३.२८
राष्ट्रिय योजना आयोग	०.००	१७४९७०३९३.३६	५४१३५५१.२८	०.००	०.००	०.००	१८०३८३९४४.६५
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	०.००	४५८७६४५३३.६२	१६९५०१.००	०.००	०.००	०.००	४५८९३४०३४.६२
जम्मा	**११३९६२२५०५७.४४**	**४३४२४१८९२५५१.२०**	**४८८६१५९९४९.३५**	**२८२५९०६२.५४**	**२४२९९०४८०७५.१८**	**१३२५६०८.३७**	**४७४८५३०७९८०५.०८**

२.५ प्रदेश तथा स्थानीय तहको सम्पत्तिको एकीकृत विवरण

नेपाल सरकारको निर्णय अनुसार तीनै तहका सरकारी कार्यालयहरूमा Public Asset Management System (PAMS) लागू गरिएको छ। सोही प्रणालीबाट प्रदेश तथा स्थानीय तहले आफ्नो स्वामित्वमा रहेको सम्पत्तिको मौज्दात अवस्थाको प्रतिवेदन गर्न सक्ने व्यवस्था अनुरुप प्रदेश तथा स्थानीय तहहरूले सम्पत्तिको अभिलेख Public Asset Management System (PAMS) मा प्रविष्ट गरेका छन्। सम्बन्धित सरकार अन्तर्गतका निकायहरुले प्रविष्ट गरेको विवरणको आधारमा तत् तत् सरकारका सम्पत्तिको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

२.५.१ प्रदेश सरकारको कुल सम्पत्तिको अवस्था

प्रदेश सरकारका मन्त्रालय वा निकाय अन्तर्गतका कार्यालयहरूमा कुल मौज्दात सम्पत्ति रु ३९ अर्ब ९१ करोड ५७ लाख देखिएको छ। प्रदेश कार्यालयहरूले सम्पत्तिको विवरणमा कार्यालय भवन, प्रयोगशाला, गोदाम घर, औद्योगिक उत्पादनका उपकरणहरू, मोटरसाईकल, कार जिप, निर्माण सम्वन्धी उपकरण, तथा फर्निचर र कम्युटर जस्ता सम्पत्ति मौज्दात रहेको देखिन्छ। वार्षिक रुपमा ठुलो रकम लगानी भएको निर्मित सम्पत्तिहरू जस्तै सडक पूर्वाधार, खानेपानी संरचना, नहर पुल जस्ता सम्पत्तिहरूको अभिलेख तथा प्रतिवेदन मन्त्रालय तथा निकायहरूले प्रणालीमा प्रविष्ट गरेको देखिँदैन। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट भएको विवरण बमोजिम प्रदेशको कुल सम्पत्तिको विवरण देहायबमोजिम छ।

प्रदेशको कुल सम्पत्तिको विवरण

आर्थिक वर्ष २०८१/०८२

प्रदेश	**भवन र संरचना ६१११०००**	**मेसिनरी र उपकरण ६११२०००**	**अन्य स्थिर सम्पत्ति ६११३०००**	**बहुमूल्य वस्तुहरु ६१३१०००**	**प्राकृतिक सम्पत्तिहरु ६१४१००**	**जम्मा**
कोशी प्रदेश	३५२,७३९,३११.३८	४,८७८,७३०,०८८.६४	७६३,९८४,२०२.०१	९९,९९३.७०	१४४,७१८,७८७.७५	६,१४०,२७२,३८३.४८
मधेश प्रदेश	४५०,०२३,५५७.२५	४,०८१,२२७,७४७.६८	२२५,६६९,४५५.२६	०	४,१७५,०००.००	४,७६१,०९५,७६०.१९
बाग्मती प्रदेश	६३९,१४३,२६५.९८	६,२८९,४६९,२०३.१९	५०३,१२२,८८२.२६	५७९,३०८.५१	४८४,४०८,५७१.२२	७,९१६,७२३,२३१.१६
गण्डकी प्रदेश	२६६,९६३,४९५.४४	३,५८३,०१६,६९०.२४	१४९,७७९,११०.८८	१,००६,८६२.४७	३२५,८७६,८२९.२०	४,३२६,६४२,९८८.२२
लुम्बिनी प्रदेश	४७९,०४२,६७४.२९	४,८०८,८०८,२२०.४५	३८२,२११,७८१.३४	५४६,५४३.९७	१,०३१,६७८,७३४.०५	६,७०२,२८७,९५४.१०
कर्णाली प्रदेश	७३,६२७,३५६.७९	४,२४०,६४७,६९०.२१	५०७,३७३,२०३.७८	३३९,०००.००	१८३,९९६,०९४.५७	५,००५,९८३,३४५.३५
सुदुरपश्चिम प्रदेश	२४९,६१२,२९२.६२	४,३९९,४८४,५८४.७२	१४०,५८७,५८२.१९	१२०,०००.००	२७२,९१३,९८५.००	५,०६२,७१८,४४४.५४
जम्मा	२,५११,१५१,९५३.७५	३२,२८१,३८४,२२५.१३	२,६७२,७२८,२१७.७२	२,६९१,७०८.६५	२,४४७,७६८,००१.७९	३९,९१५,७२४,१०७.०४

२.५.२ स्थानीय तहको कुल सम्पत्तिको अवस्था

हालसम्म ७५३ वटै स्थानीय तहले Public Asset Management System (PAMS) प्रणाली लागू गरिसकेको अवस्था छ। स्थानीय तहबाट प्रणालीमा प्रविष्ट भएको विवरणको आधारमा कुल मौज्दात सम्पत्ति रु ५५ अर्ब २० करोड ८१ लाख देखिएको छ। सम्पत्तिको उल्लिखित मूल्यमा निर्मित संरचनाको अभिलेखलाई प्रणालीमा प्रविष्ट गरेको देखिएको छैन।

स्थानीय तहको सम्पत्तिको एकीकृत विवरण

आर्थिक वर्ष २०८१/८२

तहगत सरकार	**भवन र संरचना ६१११०००**	**मेसिनरी र उपकरण ६११२०००**	**अन्य स्थिर सम्पत्ति ६११३०००**	**बहुमूल्य वस्तुहरु ६१३१०००**	**प्राकृतिक सम्पत्तिहरु ६१४१००**	**प्राकृतिक रुपमा रहेका अन्य सम्पत्तिहरू ६१४३०००**	**जम्मा**
स्थानीय तहहरू	१,५७४,१७७,१४९.०१	४५,६९२,२५३,५४६.११	६,१८३,१९८,३१०.१४	२६,०५९,८४०.१३	१,७३१,८९७,७५८.५४	५२४,६५७.००	५५,२०८,१११,२६०.९३

२.६ PAMS प्रयोग गर्ने कार्यालयको विवरणः

नेपाल सरकारको निर्णय अनुसार संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरूमा Public Asset Management System (PAMS) लागू गरिएको छ। तीनै तहका सरकारी कार्यालयहरूमा PAMS प्रणाली प्रयोग गर्ने कार्यालयहरूको अवस्था देहयअनुसार प्रस्तुत गरिएको छ।



संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूमा आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा क्रमशः ५६०२, ५६६९ र ५४७९ वटा कार्यालयहरूमा प्रणाली प्रयोग भएको देखिएको छ। PAMS को प्रयोगबाट तीनै तहका सरकारी कार्यालयहरूमा सम्पत्ति तथा जिन्सीको प्राप्ती, अभिलेखाङ्कन, प्रयोग र संम्भारका कार्य समेत व्यवस्थापनका समष्टिगत कार्यहरु प्रणालीमार्फत सम्पन्न भएका छन्।

२.७ समायोजन गरिएको:

आ.व. २०८०।८१ मा भवन तथा जमिनको सुरुवाती मौज्दात प्रविष्टि गरी दाखिला गरिएको विवरणलाई समायोजन गरी आर्थिक वर्ष २०८१/८२ मा म.ले.प. फारम ४१७ र ४१७ "क" अनुसार प्रविष्ट गरी दाखिला गरिएको छ।सो अनुसार समायोजन गरिएको विवरण निम्नानुसार छ।

सि.नं.	मन्त्रालय तथा केन्द्रिय निकाय	आर्थिक वर्ष २०८०।०८१ को प्रतिवेदन रकम	आर्थिक वर्ष २०८१।०८२ को शुरु मौज्दात	फरक	आर्थिक वर्ष २०८१।८२ मा भवन संरचना ४१७क र जग्गाको ४१७मा प्रविष्ट गरेको कारण पुरानो समायोजन भएको रकम	
					आर्थिक वर्ष २०८०।०८१ को प्रतिवेदन भवन तथा संरचनाको जम्मा	आर्थिक वर्ष २०८०।०८१ को प्रतिवेदन प्राकृतिक सम्पत्तीको जम्मा
१	राष्ट्रपति	१९९,८५५,७८५.४९	१९९,८५५,७८५.४९	०.००		
२	उपराष्ट्रपति	७९,३२१,७१३.६३	७९,३२१,७१३.६३	०.००		
३	प्रदेश प्रमुखहरू	१७०,१४९,२३९.९५	१७०,०५६,१२५.९५	-९३,११४.००	९३,११४.००	
४	संघीय संसद	२९१,८०६,५००.९७	२९१,८०६,५००.९७	०.००		
५	अदालत	३,४३९,२७६,२७९.५०	३,३५२,४२४,९७७.५०	-८६,८५१,३०२.००	८५,७५६,९२९.००	१,०९९,०१८.००
६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	५०६,४३६,७२५.६६	४१९,७४१,१९७.६६	-८६,६९५,५२८.००	८६,६९५,५२८.००	
७	महालेखा परीक्षकको कार्यालय	२९०,४१६,८१४.६०	२९०,२५४,२४३.६०	-१६२,५७१.००	१६२,५७१.००	

८	लोक सेवा आयोग	३२२,६४५,१७७.००	२६४,३५८,४१६.९८	-५८,२८६,७६०.०२	५७,४९९,२६४.००	७८७,५००.००
९	निर्वाचन आयोग	१,२६५,८७३,८६८.००	१,०७७,३९०,२३७.७८	-१८८,४८३,६३०.२२	१७६,७७९,३२८.००	
१०	राष्ट्रिय मानव अधिकार आयोग	१३८,३३१,६५४.५०	१३८,३३१,६५४.५०	०.००		
११	न्याय परिषद्	५९,४३७,०३८.३४	५९,४३७,०३८.३४	०.००		
१२	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	९५,२५४,९०३.३१	९४,९४०,४३३.३१	-३१४,४७०.००	३१४,४७०.००	
१३	राष्ट्रिय महिला आयोग	६५,८६४,३४८.३५	६५,८२८,९११.३५	-३५,४३७.००	३५,४३७.००	
१४	राष्ट्रिय दलित आयोग	३६,५२१,७८४.२९	३६,५२१,७८४.२९	०.००		
१५	राष्ट्रिय समावेशी आयोग	३८,७८८,८११.३३	३८,७८८,८११.३३	०.००		
१६	आदिवासी जनजाति आयोग	३६,१९१,६९९.२२	३६,१९१,६९९.२२	०.००		
१७	मधेशी आयोग	४४,२१५,४९१.०५	४४,२१५,४९१.०५	०.००		
१८	थारू आयोग	४७,३७३,४२७.६०	४७,३७३,४२७.६०	०.००		
१९	मुस्लिम आयोग	४८,४४९,४५८.४८	४८,४४९,४५८.४८	०.००		
२०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२,७९९,०८६,७४८.००	२,३८९,६१०,५२४.००	-४०९,४७६,२२४.००	३६५,७४५,६१४.००	४३,७२०,३५७.००
२१	अर्थ मन्त्रालय	५,१८५,८८८,९४०.००	४,५४६,७०५,९०३.८७	-६३९,१८३,०३६.१३	६३९,०३२,०८३.००	१८,७७१.००
२२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१,१२८,६२४,२५९.००	१,११४,७६४,४८५.०२	-१३,८५९,७७३.९८	१३,८५९,८२५.००	
२३	उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	४,४४९,१०७,२३२.००	४,३८६,३७८,५९४.२८	-६२,७२८,६३७.७२	६२,७६९,२४७.००	
२४	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२४९,०९७,४८४.७२	२४९,०९७,४८४.७२	०.००		
२५	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	६,२६६,०३३,५१०.००	५,४२१,४९८,२९६.८३	-८४४,५३५,२१३.१७	८१९,४५९,२७६.००	२४,८८८,३८०.००
२६	खानेपानी मन्त्रालय	१,१६०,००१,३४३.००	१,१०९,५१४,७२०.९१	-५०,४८६,६२२.०९	५०,४८६,६२४.००	
२७	गृह मन्त्रालय	१७,०५९,७९९,६७४.००	१४,८९८,४८९,२४९.२४	-२,१६१,३१०,४२४.७६	१,९८१,७०२,१३८.००	१८१,७१६,०७३.००
२८	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	९०८,५४५,८०९.६५	९०८,१७५,५०८.६५	-३७०,३०१.००	३७०,३०२.००	
२९	परराष्ट्र मन्त्रालय	३०७,४१३,८२८.२३	३०६,९१५,८३६.२३	-४९७,९९२.००	४९७,९९२.००	
३०	वन तथा वातावरण मन्त्रालय	१,५४७,७१६,५५८.००	१,४५२,८७२,६६९.२०	-९४,८४३,८८८.८०	९४,८४३,८९३.००	
३१	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	४,३१८,१४८,०१६.००	३,५८९,९५५,९०१.११	-७२८,१९२,११४.८९	६८४,८२५,३६०.००	४४,००३,७६०.००
३२	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	८,८५७,६८४,५५४.००	८,७२७,७५१,३४३.८४	-१२९,९३३,२१०.१६	१२९,१९८,५१०.००	७१०,९७८.००
३३	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	१२०,३७१,२६७.००	१२०,२४६,५२३.२७	-१२४,७४३.७३	१२४,७४२.००	
३४	युवा तथा खेलकूद मन्त्रालय	१८८,४३३,३२३.००	१८८,४३३,३२३.९६	०.९६		
३५	रक्षा मन्त्रालय	५,३७६,९७३,४१०.००	३,४०४,८६४,३०३.२५	-१,९७२,१०९,१०६.७५	१,९७१,९२४,९८२.००	१८४,१९६.००
३६	शहरी विकास मन्त्रालय	३,५२४,१६७,८०६.००	२,६९९,९७४,८८७.७१	-८२४,१९२,९१८.२९	८५१,५८४,६६१.००	
३७	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	२,४५०,१००,७६०.००	१,६११,३६१,७१०.६३	-८३८,७३९,०४९.३७	८४५,२००,२९४.००	४,४४१,००८.००
३८	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	७,४८३,३०४,०३३.००	७,३०९,६९७,२७२.६२	-१७३,६०६,७६०.३८	९१,६६८,६१४.००	८१,९६३,१८०.००
३९	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	५,७०४,१९४,६८७.००	५,५१६,८०६,००१.०३	-१८७,३८८,६८५.९७	१८७,०५८,५५३.००	८००,०१५.००
४०	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	९,५३७,०१६,२९५.००	८,८७१,११०,६०९.७५	-६६५,९०५,६८५.२५	६६५,९०४,६९०.००	९९९.००
४१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५३६,९११,९९९.००	५३२,१६०,५५५.१०	-४,७५१,४४३.९०	४,७५१,४४५.००	
४२	राष्ट्रिय योजना आयोग	१८५,११३,८०१.८३	१८५,११३,८०१.८३	०.००		
४३	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	४८८,४५५,११२.००	४५८,९३४,०३४.६२	-२९,५२१,०७७.३८		
	कुल जम्मा	**९७,००८,४०१,१७१.७०**	**८६,७५५,७२१,४५०.७०**	**-१०,२५२,६७९,७२१.००**	**९,८६८,३४५,४८६.००**	**३८४,३३४,२३५.००**

परिच्छेद : ३

सम्पत्ति लेखाङ्कन र प्रतिवेदनमा सुधारका क्षेत्रहरू

नेपालमा सार्वजनिक सम्पत्तिको एकीकृत विवरण महालेखा नियन्त्रक कार्यालयद्वारा पेश गर्न आर्थिक वर्ष २०७६।७७ देखि शुरु भएको हो। आ.व. २०८१/८२ को सार्वजनिक सम्पत्तिको पाँचौं प्रतिवेदन तयार गरी पेश गरिएको छ। आ.व. २०८१/८२ को अन्तसम्ममा ५४७९ कार्यालयहरूले यो प्रणाली लागू गरेका छन्। आन्तरिक लेखापरीक्षणका क्रममा सार्वजनिक निकायहरूमा PAMS सञ्चालनको अनुगमन गरिएकोले प्रणाली प्रयोगकर्ताको संख्यामा बढोत्तरी भई PAMS मार्फत सम्पत्तिको अभिलेखाङ्कन गर्ने कार्य बढ्दै गएको छ। आगामी दिनमा समेत आन्तरिक तथा अन्तिम लेखापरीक्षणको क्रममा प्रत्येक कार्यालयले सम्पत्तिको लेखाङ्कन तथा प्रतिवेदनको अनिवार्य प्रयोग सम्बन्धमा निरन्तर अनुगमन गर्न सकिएमा प्रणाली सञ्चालन र प्रतिवेदनको गुणस्तरियतामा अभिवृद्धि भई नेपाल सरकारको सम्पत्तिको यथार्थ र विश्वसनीय विवरण तयार गर्न सकिने देखिन्छ।

नेपाल सरकारका मन्त्रालयहरू तथा केन्द्रिय निकायहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार तोकिएको अवधिभित्र आफ्नो र आफू मातहतका निकायहरूको सम्पत्तिको वास्तविक विवरण पेश गर्न तथा सम्पत्तिको अवस्था एकिन गर्न उच्चस्तरको तदारुकता आवश्यक देखिन्छ। उदाहरणका लागी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ को व्यवस्थाको पालना अधिकांश सार्वजनिक निकायहरूबाट भएको पाईएको छैन। सार्वजनिक सम्पत्तिको लेखाङ्कन र प्रतिवेदन सम्बन्धमा सुधार गर्न देहायका क्षेत्रहरू पहिचान गरिएका छन्।

३.१ आर्थिक वर्ष २०७७/७८ बाट सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग, संम्भार र निसर्ग सम्मका Assets Management Ecology लाई सूचना प्रविधिमा आधारित बनाउन शुरुवात गरिएको छ। यद्यपी अझैपनि सम्पूर्ण सरकारी कार्यालयहरूले आफ्नो विवरण प्रणालीमा प्रविष्ट गरिसकेका छैनन्। मन्त्रालय तथा केन्द्रिय निकायहरूले आफू अन्तर्गतका सबै सरकारी कार्यालयलाई अनिवार्य रुपमा प्रणालीमा सम्पत्तिको विवरण प्रविष्ट गर्न/गराउन निर्देशन तथा सो को निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

३.२ सम्पत्तिको प्रयोगसम्बन्धी सबैले बुझ्ने स्पष्ट नीतिगत र कानुनी मार्गदर्शन अपर्याप्त छ। सम्पत्तिको मुल्यांङ्कनको राष्ट्रिय नीति र कार्यविधि तयार गरी लागू गर्न सकिएमा यसबाट तीनै तहका सरकारमा रहेका सबै किसिमका चल, अचल, पूर्वाधारजन्य एवं प्राकृतिक संसाधन समेतका सम्पत्तिको लेखाङ्कन तथा प्रतिवेदन भई सम्पत्तिको यथार्थ प्रतिवेदन प्राप्त हुने अवस्था रहन्छ।

३.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को व्यवस्था अनुसार मूल्य नखुलेको सम्पत्तिको मूल्य कायम गरी अभिलेख राखी प्रतिवेदन गर्नुपर्दछ। अधिकांश कार्यालयहरूले आफूसँग रहेका मूल्य नखुलेको सम्पत्तिको मूल्य कायम नगरेकाले सम्बन्धित मन्त्रालय र केन्द्रिय निकायहरूबाट यसको अनुगमन र आवश्यक निर्देशन हुनुपर्दछ। सम्पत्तिको प्रयोग र संरक्षण सम्वन्धमा नियमित अनुगमन र सुपरिवेक्षण गर्नुपर्दछ।

३.४ सार्वजनिक सम्पत्तिको बारेमा जवाफदेहिताको संस्थागत संयन्त्र बलियो बन्न सकेका छैनन्। हरेक कार्यालयको सम्पत्ति व्यवस्थापन गर्नु सो निकायमा कार्यरत कर्मचारीको जिम्मेवारी भए पनि यसले व्यवहारिकता हासिल गर्न सकेको छैन।

३.५ प्रदेश सरकार अन्तर्गत रहेको सरकारी कार्यालय तथा स्थानीय तहको सम्पत्तिको मौज्दात विवरण भिडान गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा ईकाइ कार्यालय एवम् कोष तथा लेखा नियन्त्रक कार्यालयलाई थप जिम्मेवार बनाई विवरणलाई कानून सम्मत शुद्ध र विश्वसनीय बनाउनु आवश्यक देखिन्छ।

३.६ लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति समयमै लिलाम बिक्रीको प्रक्रिया शुरु गरे नगरेको सम्बन्धित केन्द्रिय निकायले नियमित अनुगमन गरी लिलाम बिक्री कार्यमा सहजीकरण गर्न आवश्यक देखिन्छ।

३.७ आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणमा सम्पत्तिको लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धमा यसको शुद्धता, विश्वसनीयताको सम्बन्धमा परीक्षण गर्नुपर्दछ। प्रत्येक निकायले कानूनी व्यवस्था अनुसारको प्रतिवेदन पेश गरे नगरेको परीक्षण गर्नुपर्दछ। यसले एकीकृत प्रतिवेदनको शुद्धता तथा विश्वसनियता बढाउन सहयोग गर्दछ।

३.८ सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने र प्रयोग गर्ने दक्ष जनशक्तिको अभाव छ। सार्वजनिक सम्पत्तिको उद्देश्यमुलक प्रयोग नभएको सम्बन्धमा महालेखापरीक्षक कार्यालयको प्रतिवेदनको पूर्ण कार्यान्वयन भएको सुनिश्चित गर्न सम्बन्धित मन्त्रालय र केन्द्रिय निकायहरूबाट निरन्तर अनुगमन हुनु आवश्यक छ।

३.९ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली स्तरोन्नति गरी आ.व. २०८१।८२ देखि सञ्चालन गरिएको छ। स्वीकृत महालेखापरीक्षक फारमलाई पूर्ण रुपमा लागू गरिएकोले सार्वजनिक सम्पत्ति सम्बन्धी Real Time Data प्राप्त हुने आधार तयार भएको छ। प्रणाली सञ्चालनका लागि सम्बन्धित जनशक्तिको क्षमता विकासको लागि निरन्तर रुपमा तालिम सञ्चालन गर्नुपर्ने देखिएको छ। प्रणालीको सफल कार्यान्वयन हुन सकेमा सम्पत्ति सम्बन्धी पूर्ण तथ्याङ्कहरू उपलब्ध हुने अवस्था रहन्छ। यसबाट तथ्यमा आधारित नीति निर्माण गर्न योगदान पुग्नुका साथै सार्वजनिक लगानी व्यवस्थापन योजना तयार गर्न, सम्पत्तिको प्रयोगको प्रवृत्ति पत्ता लगाउन र सम्पत्ति बहुउपयोगको लागी आवश्यक कार्यविधि तयार गर्न आवश्यक सूचना प्राप्त गर्न समेत सहयोग पुऱ्याउँदछ। साथै विपद् लगायत प्राकृतिक जोखिमबाट हुने सम्पत्तिको क्षतिलाई न्युनीकरण गर्न र तीनै तहको सरकारको सबै प्रकारका सम्पत्तिको लगत (Asset Ledger) तयार गर्न समेत सहज हुने देखिन्छ।

३.१० पूर्वाधार सम्पत्तिको Sectorwise Valuation Guideline तथा लेखाङ्कन तथा प्रतिवेदनको लागि म.ले.प फारम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ । साथै स्थिर सम्पत्ति (Fixed Asset) तथा गोदामको Global Positioning System (GPS) प्रणालीमा आवद्धता गर्न आवश्यक देखिन्छ ।

३.११ अस्थायी रुपमा खडा भएका कार्यालयहरु जस्तै निर्वाचन अधिकृतको कार्यालय तथा जनगणनासँग सम्बन्धित कार्यलयहरु र खारेज भएका कार्यालयहरुको सम्पत्ति एकिन गरी विवरण अद्यावधिक तथा व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।